नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बबरमहल, काठमाडौं

## अनलाइन मागदाबी खोलिने सम्बन्धी अत्यन्तै जरूरी सूचना

नेपाल सरकारले विभिन्न समयमा घोषणा गरेका निम्न बमोजिमका समस्याग्रस्त सहकारी संस्थाका सदस्य बचतकर्ताहरूमध्ये यस भन्दा अघि विभिन्न कारणले अनलाइन मागदाबी गर्न छुट हुनुभएका सदस्य बचतकर्ताहरुको बचत रकम दाबी गर्न **सम्वत् २०८३ साल भदौ महिनाको १५ गते देखि मंसिर १४ गतेसम्म** (तीन महिना) **अन्तिम पटकको लागि** अनलाइन मागदाबी प्रणाली खुला गरिने व्यहोरा सरोकारवाला सबैमा अनुरोध छ। अनलाइन मागदावी यस समितिको वेबसाइट claim.coopmc.gov.np मार्फत तपशिलमा उल्लिखित तरिकाबाट गर्न सकिने छ।

**क. अनलाइन मागदाबी खुला हुने समस्याग्रस्त सहकारी संस्थाहरू:**

१. कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
२. कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
३. कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
४. चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
५. स्टाण्डर्ड मल्टिप्रपोज को-अपरेटिभ लिमिटेड,
६. स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
७. प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड,
८. प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
९. भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
१०. सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
११. लुःनिभा बहुद्देश्यीय सहकारी संस्था लिमिटेड,
१२. ओरेण्टल को-अपरेटिभ लिमिटेड,
१३. पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
१४. तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड,
१५. शिवशिखर बहुउद्धेशिय सहकारी संस्था लिमिटेड,
१६. हाम्रो नयाँ कृषी सहकारी संस्था लिमिटेड,
१७. कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,

२०८३/५/११

प.सं. ०८२/०८३
चलानी नं.

१८. कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड,
१९. श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२०. गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२१. गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड,
२२. श्री आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२३. तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२४. हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२५. नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, र
२६. घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड।

## ख. अनलाइन मागदाबी गर्दा ध्यान दिनुपर्ने कुराहरूः

१. यस अघि अनलाइन मागदाबी गरिसकेको बचतकर्ताले दोहोऱ्याएर मागदाबी गर्न मिल्ने छैन। दोहोरो मागदाबी आवेदन स्वतः रद्द हुनेछ।
२. एक व्यक्तिको एउटामात्र आवेदन दिन सकिने भएकोले आफुसँग भएको सबै प्रकारको सबै बचतको विवरण एकै आवेदनमा पेश गर्नुपर्नेछ। एकै परिवारका फरक फरक सदस्यको मागदावी छुट्टा छुट्टै भर्नुपर्नेछ ।
३. अनलाईन आवेदन दिनको लागी मागदाबीकर्ताले आफूले कारोबार (खाता रहेको) सहकारी र शाखा छनौट गर्नु पर्नेछ।।
४. सम्पूर्ण विवरण पछि सम्म फरक नपर्ने गरी भर्नु पर्नेछ।
५. मोबाईल नम्बरको आधारमा तपाईंको निवेदनको स्थिति जाँच गर्न सकिने भएकोले सम्बन्धित व्यक्तिकै मोबाईल नम्बर अनिवार्य राख्नु पर्नेछ। अन्य व्यक्तिको मोबाइल नं. प्रयोग भई प्राप्त मागदाबी रद्द हुनेछ।
६. नाबालक बचतकर्ताको मागदाबी निजको बुबा वा आमा संरक्षक भई गर्न सकिने छ। यस्तो मागदाबी गर्दा बुबा वा आमाको मोबाइल नं. प्रयोग गर्न सकिनेछ तर उक्त मोबाइल नं. अन्य कुनै पनि मागदाबी आवेदनमा प्रयोग गरेको हुनुहुँदैन।
७. मागदाविकर्ताको बैंक खाताको विवरण (सहकारीको खाता होईन) पछि आफ्नो बचत फिर्ता लिने प्रयोजनको लागि भएकोले एकिन साथ भर्नु पर्नेछ ।खाता विवरण नमिलेमा आवेदन दिन पाइनेछैन।
८. व्यक्तिगत विवरण भर्ने पृष्ठमा सम्पूर्ण विवरण भरिसकेपछि मात्र दोस्रोपृष्ठ 'मागदावी विवरण भर्ने' मा जानु पर्नेछ।
९. समूह छनौट गर्दा आफूसङ्ग सम्बन्धित समूह मात्र छनौट गर्नु पर्नेछ। असम्बन्धित समूह छनौट गर्दा तपाइलाई थप कागजात/प्रमाण अनिवार्य हुने भएकोले निवेदन प्रकृया अगाडि बढ्दैन। (जस्तै बचत मागदावी कर्ताले बचतकर्ता मात्र, शेयर मागदावी कर्ताले शेयर सदस्यमा मात्र र दुवै समूहमा पर्नेले दुवै छनौट गर्नु होला।)
१०. बचत रकमको अन्तिम बचत मौज्दात रकम भनेको बचत पासबुकमा लेखिएको वा सम्बन्धित सहकारीबाट प्राप्त प्रमाण अन्तिम संचित रकम हो र यसै संचित रकम संग सम्बन्धीत मिति मौज्दातको मिति हो।

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२
इमेलः- info.coopmc@gmail.com वेवसाइटः- www.coopmc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाडौं

प.सं. ०८२/०८३
चलानी नं.

११. मागदाविकर्ता एकै व्यक्तिको एकै प्रकारको एकभन्दा बढी खाता भएमा Add(+) क्लिक गरी भर्न सकिन्छ । तर Add(+) गरिसकेपछी खाली नै राखि अगाडी बढ्न सकिँदैन।
१२. ब्याजदर उल्लेख गर्दा पासबुक/ मुद्दती बचत प्रमाणपत्रमा भएको व्याजदर भर्नु पर्नेछ।
१३. संलग्न गर्नु पर्ने कागजात एक भन्दा बढी भएमा PDF मा मर्ज गरी एउटै फाइलको रूपमा संलग्न गर्नु पर्नेछ।
१४. मागदावि पुष्टि हुने कागजात अपलोड गर्दा १ MB भन्दा सानो साइजको JPG, JPEG, PNG वा PDF फर्म्याटमा कागजात मात्रै अपलोड गर्नु पर्नेछ । एकभन्दा बढी कागजात भएमा सबै कागजात मर्ज गरी PDF फर्म्याटको एउटै फाइलमा अपलोड गर्नु पर्नेछ ।
१५. बचत रकम जम्मा गरेको निस्सा (पासबुक) अपलोड गर्दा बचतकर्ताको नाम थर विवरण खुल्ने पहिलो पृष्ट र मौज्दात विवरण देखिने पछिल्लो पृष्ट स्क्यानकपी अपलोड गर्नु पर्नेछ ।
१६. मागदाविकर्ताले आफ्नो हस्ताक्षर वा औंठाछाप सेतो सादा कागजमा गरी स्क्यान/ तस्विर अपलोड गर्नु पर्नेछ ।
१७. सम्पूर्ण विवरण भरी Submit गर्नु अघि सम्पूर्ण सूचनामा एकीकृत फाराम रूजु गरेर मात्र Submit गर्नुपर्नेछ।
१८. संयुक्त नाममा खाता खोलेका बचतकर्ताहरुले नाम उल्लेख गर्ने ठाँउमा खातामा उल्लेख भएबमोजिमका नामहरु लेख्नु पर्नेछ । अन्य विवरण पहिलो नामवालाको भर्नु पर्नेछ ।
१९. बचतकर्ताको मृत्यु भैसकेको मागदाबीको लागी सबै विवरण बचतकर्ताकै भरी बैंक खाताको विवरणमा हकवाला, अन्य मागदावी पुष्टी हुने कागजात अपलोड गर्नुहोस भन्ने ठाँउमा हकवाला/नाता प्रमाणीत खुल्ने कागजात र हस्ताक्षर हकवालाको अपलोड गर्नु पर्नेछ ।

मितिः २०८३।०५।११

सदस्य-सचिव

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२
इमेलः- info.coopmc@gmail.com वेवसाइटः- www.coopmc.gov.np